देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

देवदह, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

**(कृषि विकास शाखा)**

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) निर्माणको लागि प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति:** २०७६/०६/३०

यस आ.ब.२०७६/०७७ देखि देवदह नगरपालिका ।कृषि क्षेत्रको उत्पादनमा र उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि क्षेत्रको उत्पादन र कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन समाग्रीको व्यवस्था, बालीवस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि पूर्वाधारको व्यवस्था मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना यस कार्यक्रमले गरेको छ ।

सै कार्यक्रम अन्तर्गत यस कार्यालयको आ.ब.२०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट)** विकास कार्यक्रम संचालनका लागी निम्नानुसारका बाली/वस्तुमा पकेट निर्माण गर्न इच्छुक **कृषक समूह/सहकारी/कृषक उद्यमीको सूची तयार गर्नु परेकोले (छुट्टाछुट्टै वा मिलेर)** कार्यालयबाट निर्धारित ढाँचाको आवेदनसाथ आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र देवदह नगरपलिका कृषि विकास शाखामा इच्छुक कृषक समूह/सहकारी/कृषक उद्यमीहरुले आवेदन पेश गर्नुहुन अनुरोध छ ।

| | |
|---|---|
| तोकिएको बाली | कृषि बाली |
| लक्ष्य संख्या | 2 वटा पकेट तरकारी र मकै कृषि बाली |
| न्यूनतम क्षेत्रफल | अन्न,तरकारी बाली १० हेक्टर प्रति पकेट |
| संचालन हुने स्थान | देवदह नगरपालिका भरि मात्र |
| परियोजनाबाट उपलब्ध हुने सुविधा | **चालु अनुदान:**नविन उत्पादन प्रविधि प्रदर्शन तथा तालिम, उन्नत बीउ लगायत विरुवा/वेर्ना/,मल रासायनिक जस्ता उत्पादन सामग्री सहयोग ।**पूँजीगत अनुदान:** मेशिनरी औजार, सिंचाइ निर्माण/मर्मत, अन्य |
| हुनु पर्ने सेवा/सुविधा/पूर्वाधार | (क) सडकको पहुँच भएको वा हुनसक्ने (ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने (ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने (घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको |
| कार्यक्रम संचालनको संक्षिप्त मोडालिटी | कार्यक्रम संचालनको लागि संभाव्यता अध्ययनको आधारमा निर्धारण गरिएको क्षेत्रका इच्छुक कृषक समूह/सहकारी/कृषक उद्यमीहरुबाट अध्यक्ष लगायत सदस्यहरु र कृषि शाखाको प्रतिनिधि, सल्लाहकार रहने गरि पकेट संचालक समिति गठन गरिनेछ र सोही समितिसंग देवदहनगरकार्यपालिकाको कृषि शाखा ले सम्झौता गरी कार्यक्रम संचालन हुनेछ । |

**आवेदनका साथ आवश्यक कागजातहरु**

1. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी दर्ताको प्रमाण पत्रको प्रतिलिपी
2. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमीको निर्णयको प्रतिलिपी

**नोट:** बाँकी सुविधा एवम् प्रकृया "साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि" अनूरुप हुनेछ । विस्तृत जानकारी तथा आवेदन फारम सम्बन्धित देबदह कृषि शाखा देवदह [redacted] बाट प्राप्त हुने छ।

०७६/०७/१२

**देवदह नगरपालिका**

**कृषिविकास शाखा**

फोन नं. ०71-577303 ,9848130795

राजेन्द्र चौधरी थारु
प्राविधिक सहायक
सहायक स्तर

अश्विनी कुमार शर्मा
कृषि विकास अधिकृत
अधिकृत स्तर आठौं